# बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही ।

<u>मसलन्द सामाग्रीहरु खरिद सम्वन्धी सिलबन्दी दरभाउ आह्वान गरिएको सूचना</u>

प्रकाशित मिति : २०८२।०६।३१

यस नगर कार्यपालिकाको कार्यालयको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने स्वीकृत स्पेसिफिकेशन अनुसारको मसलन्द सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र दालिखा गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस नगर कार्यपालिकाको कार्यालयको सूचना पाटी तथा वेवसाईट www.bagmatimunsarlahi.gov.np मा हेर्न सकिने छ। विस्तृत जानकारीको लागि नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१, दरभाउपत्र फारम रु १०००।(फिर्ता नहुने गरी) तिरी १५ औं दिनको कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिने छ।

२, यो सूचना प्रथम पटक प्रकाशित गरेको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

३, सिलवन्दी दरभाउपत्र पेश गर्दा जमानत बापतको रकम यस कार्यालयको नाममा रहेको एन. आइ. सि. एसिया बैंक, कर्मैया शाखामा रहेको धरौटी खाता नं. ग-३-० ४५CA०५२६३९५५२४०४ मा नगद जम्मा गरेको बैंक भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बैंक द्वारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी (Bid bund) पेश गर्नुपर्नेछ ।

४, सिलबन्दी दरभाउ फारमसाथ सम्वन्धीत दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझीएको र यस सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व घोषणापत्रमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहीछाप लगाएको हुनुपर्नेछ ।

५, दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दनि दनिको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६, दरभाउपत्र फारम खरिद गर्ने अन्तीम दिन र दाखिला गर्ने दिन बिदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७, Bill of Quantity मा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडि कूल जम्मा अंक र अक्षरमा स्पष्ट उलेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८, रित नपुगेको र म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ।

१०, दरभाउपत्र फारम खरिद कार्य यस कार्यालयकोबाट हुनेछ। दरभाउपत्र दाखिला सम्वन्धी कार्य यस कार्यालयमा मात्र हुनेछ ।

११, दरभाउपत्र फारम साथ मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, व्यवसाय दर्ता र नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१२, मसलन्द सम्वन्धी कारोवार गर्ने फर्म, व्यक्ति वा कम्पनीले मात्र फारम खरिद गर्न पाउनेछ ।

१३, यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१४, कार्यालयले तयार गरेको स्पेसिफिकेशन बमोजिमको गुणस्तरको सामाग्रीहरु सप्लाई गर्नु पर्नेछ ।

| सि.नं | ठे.नं | विवरण | लागत अनुमान | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | BM/SQ/Goods/२०८२/८३-०१ | मसलन्द सामाग्री | १९,९७,९८७। | ५०,०००। | |

प्रमुख प्रशासकीय अधिकृत

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner